मिति : २०६६/६/१६

# प्रेस विज्ञप्ती

एकीकृत ने.क.पा.(माओवादी)को स्थायी समितिको स्थगित बैठक अध्यक्ष क. प्रचण्डको अध्यक्षतामा बस्यो । बैठकले गरेका निर्णय सार्वजनिक जानकारीको लागि यो विज्ञप्ती जारी गरिएको छ ।

१. क. अध्यक्षबाट वर्तमान राजनैतिक घटनाक्रम र विभिन्न दलहरुका नेता, राष्ट्रपति, राष्ट्रिय अन्तर्राष्ट्रिय समुदाय समेत सित भएको भेटघाट र छलफलको जानकारी गराउनुभयो ।

२. पार्टीको योजनामा संचालित भेला प्रशिक्षण, बैठक, आमसभा र जनप्रदर्शनहरु शानदार रुपमा सफल भएको समीक्षा गरियो ।

३. देशको वर्तमान राजनैतिक गत्यावरोधको अन्त गर्न जिम्मेवारीपूर्ण ढंगले जिम्मेवार पार्टीका प्रतिनिधिहरुसित छलफल र सम्वादद्वारा सहमतिका लागि प्रयत्न गर्ने । हाम्रो पार्टीले उठाउँदै आएको नागरिक सर्वोच्चता र राष्ट्रपतिको कदम कुनैपनि रुपमा सम्वोधन हुनुपर्ने कुरामा जोड दिने ।

४. महाधिवेशनको तयारी र अन्य आन्तरिक सांगठनात्मक विषयमा पनि छलफल भयो ।

५. अर्को बैठक यही २०६६ आश्विन १७ गते १:०० बजेसम्मका लागि स्थगित भयो ।

क. दीनानाथ शर्मा
प्रवक्ता
एकीकृत ने.क.पा.(माओवादी)